# जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपाल

हुलाक मन्जुषा २१२५, ६० न्यूप्लाजा मार्ग, पुतलीसडक, काठमाडौँ
फोनः ४४२९७४१ फ्याक्सः ४४१९६१०
ईमेलः wafed@ntc.net.np वेवसाइटः www.wafed-nepal.org

२०६५ भदौ २४ (अगष्ट ९, २००८)

प्रेस विज्ञप्ति

## सर्वोच्चद्वारा पश्चिम सेती आयोजना अनुमोदन गर्नु नपर्ने फैसला

यस अघिका सरकारहरुले गैरसंवैधानिक ढंगले अष्ट्रेलियाली बहुराष्ट्रिय कम्पनी स्मेकलाई बुझाएको ७५० मेगावाटको प्रस्तावित पश्चिम सेती आयोजना राष्ट्रहितविपरीत भएको दाबी गर्दै जल तथा ऊर्जा उपभोक्ता महासंघ-नेपालले गत २०६४ साउन २४ गते सर्वोच्च अदालतमा दर्ता गरेको रिट निवेदनमाथि आज सर्वोच्च अदालतले फैसला गरेको छ ।

उक्त रिट निवेदनमा पश्चिम सेती जलासययुक्त आयोजना भएको र यसको तल्लोतटीय लाभका रुपमा रहेको पानी तथा उत्पादित बिजुली सबै भारत निर्यात हुनुका साथै पश्चिम सेती व्यापक, गम्भीर र दीर्घकालीन प्रकृतिको आयोजना भएकोले उक्त आयोजनाका बारेमा व्यापक वहस र छलफलपछि अन्तरिम संविधान २०६३ को धारा १५६ मा भएको प्राकृतिक स्रोतको बाँडफाँडसम्बन्धी व्यवस्थाअनुसार विधायिको-संसद्को दुइतिहाइ बहुमतद्वारा पारित हुनुपर्ने वा यसलाई बदर गर्नुपर्ने माग गरिएको थियो ।

स्थानीय स्रोतसाधनका मालिक सुदूरपश्चिमवासीलाई आयोजना तथा नेपाल सरकारबाट बेवास्ता गर्ने काम भएको, आयोजना निर्माणसम्बन्धी स्थानीय जनताको सहमति सुनिश्चित नगरिएको, आयोजना सुदूरपश्चिमेली तथा आमनेपाली जनताको विद्युत् आपूर्ति पूरा गर्न र देशभित्रै विद्यमान लोडसेडिङ कटौती गर्न नभई एसियाली विकास बैंकको ऋण नेपाली जनताको टाउकोमा बोकाएर भारतको लोडसेडिङ् घटाउने षडयन्त्रस्वरुप निर्माण गरिन लागेकोले आयोजनामा राष्ट्रहितविपरीत भएको मागदाबीसमेत रिट निवेदनमा गरिएको थियो ।

माननीय न्यायाधीशद्वय अनुपराज शर्मा र कल्याण श्रेष्ठको संयुक्त इजलासले गरेको निर्णयमा प्राकृतिक स्रोतको बाँडफाँड हुने गरी विपक्षीहरुले काम गरेको नदेखिएकोले कुनै आदेश गर्नु नपर्ने तर आयोजना निर्माणका क्रममा स्थानीय बासिन्दाको क्षतिपूर्ति, पुनर्वास, बाढी नियन्त्रण र वातावरणीय समस्या समाधानका लागि नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणले स्थायी संयन्त्र तयार गरी समस्या समाधान गर्नुपर्ने आदेश जारी गरेको छ ।

अन्तरिम आदेशसमेतको माग गर्दै दायर भएको उक्त रिट निवेदनमा नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालय, जलस्रोत मन्त्रालय, अर्थमन्त्रालय, स्नोइ माउण्टेन इन्जिनियरिङ कर्पोरेसन तथा पश्चिम सेती जलविद्युत आयोजनालगायतलाई विपक्षी बनाइएको थियो । निवेदकहरुमा जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालका अध्यक्ष रामचन्द्र चटौत, ऐ.ऐ. का अभियान संयोजक रतन भण्डारी र खिमाराम लम्साल, पब्लिक इन्ट्रेष्ट ल फर्मका अधिवक्ता रविन सुवेदी, निर्मला सिटौला र अनुज सिटौला, मानवअधिकार संरक्षण मञ्च (मासम) का केन्द्रीय सदस्य लक्ष्मीप्रसाद मैनाली हुनुहुन्थ्यो ।

अदालतको यस फैसलाप्रति दुःख व्यक्त गर्दै जल तथा ऊर्जा उपभोक्ता महासंघ नेपालका कानुनी सल्लाहकार गोपाल सिवाकोटी ‘चिन्तन’ ले अब अदालतबाट समेत संविधान र मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रावधानहरुको रक्षा हुन छोडेको बताउनु भएको छ । वहाँले अब आफ्ना प्राकृतिक स्रोत र साधनहरुको संरक्षणका लागि सम्बन्धित क्षेत्रका जनता तथा सरोकारवाला सम्पूर्ण राष्ट्रप्रेमी नेपालीहरुले विभिन्न अभियान र आन्दोलन गर्नुबाहेक अरु कुनै विकल्प नरहेको प्रतिक्रिया जनाउनु भएको छ ।

भवदीय
रतन भण्डारी
संयोजक
९८४१४८५८१५